प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## शैक्षिक शत्र २०८२/०८३ मा डिप्लोमा तथा प्रमाणपत्र तहको स्वास्थ्य बाहेकका कार्यक्रमहरुको पूर्ण शूल्कीय भर्ना प्रक्रियाका लागि Online आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !

(सूचना प्रकाशित मिति २०८२।०३।२२ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट संचालन गरिने डिप्लोमा तथा प्रमाणपत्र तहका तपसिल बमोजिमका शैक्षिक कार्यक्रमहरुमा शैक्षिक सत्र २०८२/०८३ का लागि परिषद्को स्तर निर्धारण तथा सम्वन्धन महाशाखा, पोलिटेक्निक महाशाखा, टेक्स महाशाखा र प्राविधिक महाशाखाहरुबाट प्राप्त सुची बमोजिम **स्वास्थ्य बाहेकका** कार्यक्रम संचालनका लागि सम्बन्धन/स्वीकृति पाई परिषद्का आंगिक, साझेदार, सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (TECS) र निजी स्तरमा संचालित शिक्षालयहरुले परीक्षा नियन्त्रण कार्यालयद्वारा जारी गरिएको "प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहमा प्रशिक्षार्थी छनौट, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०८२" बमोजिम पूर्ण शुल्कीय तर्फका स्वीकृत कार्यक्रम र कोटाहरुमा विद्यार्थी छनौट गर्न योग्यता पुगेका आवेदकहरुले मिति २०८२ साउन ११ गते भित्र परीक्षा नियन्त्रण कार्यालयको ITMS online मा रितपूर्वक Online आवेदन फाराम भर्नु हुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

एस.ई.ई/एस.एल.सी/प्रि-डिप्लोमा/प्राविधिक एस.एल.सी तह उत्तीर्ण भएका बिद्यार्थीहरुले पेश गरेका शैक्षिक योग्यतामा प्राप्त गरेको अंक र उत्तीर्ण गरेको बिद्यालयको किसिमको आधारमा भर्ना सम्वन्धी निर्देशिकाको दफा ६ बमोजिम प्राप्त हुने अंकको योगफल अनुसार कार्यक्रम र कोटाहरुमा छनौट एवं योग्यताक्रम निर्धारण गरी भर्ना सिफारिश गरिने व्यहोरा अनुरोध छ । साथै यस सम्वन्धी विस्तृत विवरण "प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहमा प्रशिक्षार्थी छनौट, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०८२" मा उल्लेख गरिएको हुंदा www.ctevtexam.org.np मा राखिएको भर्ना सम्वन्धी निर्देशिका अध्ययन गर्नु हुन समेत अनुरोध छ ।

**डिप्लोमा/प्रमाणपत्र तहका स्वास्थ्य कार्यक्रमहरुको भर्नाको सूचना केही दिन पछि प्रकाशन गरिने व्यहोरा सम्वन्धित सवैमा जानकारी गराइन्छ ।**

**शिक्षण संस्था, कार्यक्रम र कोटा लगायतको बिस्तृत सूचना www.ctevtexam.org.np मा हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**